# प्रथम प्रदेश सभा चिनारी
## (२०७४-२०७९)




२०७९

## बागमती प्रदेश सभा सचिवालय
### हेटौंडा, मकवानपुर

पहिलो संशोधन २०७९

# नेपालको राष्ट्रिय झण्डा



# नेपालको राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची-महाकाली।

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरुका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल।

# नेपालको निशान छाप




# बागमती प्रदेश सभाको लोगो



# नेपालको नक्सा




# बागमती प्रदेशको नक्सा



# चिनारी प्रकाशन समिति

**संरक्षकः**

माननीय सानु कुमार श्रेष्ठ - सभामुख
माननीय राधिका तामाङ - उपसभामुख

**सम्पादन समूहः**

संयोजकः सचिव श्री कृष्ण हरि खड्का
सदस्यः अधिकृत आठौं श्री सुन्दर पन्त
सदस्यः लेखा अधिकृत श्री बालकृष्ण अधिकारी
सदस्यः माईक अपरेटर श्री धिरज ढकाल
सदस्यः माइक अपरेटर श्री सुशान्त महत
सदस्यः कम्प्युटर अपरेटर श्री रिपेश दाहाल
सदस्यः स.कम्प्युटर अपरेटर श्री गंगा लामिछाने

**विशेष सहयोगः**

कानून अधिकृत श्री मनोज कुमार गुप्ता
अधिकृत सातौं श्री सुन्दर वास्कोटा
अधिकृत छैठौं श्री शिवराम बोहरा
कम्प्युटर अधिकृत छैठौं श्री रोशन प्रधान
कम्प्युटर अपरेटर श्री सरिता घिमिरे
कम्प्युटर अपरेटर श्री श्रृजना स्याङतान
कम्प्युटर अपरेटर श्री रविन्द्र नापित
ईलेक्ट्रिसियन श्री चन्द्र प्रसाद घिमिरे

**प्रकाशकः**

बागमती प्रदेश सभा सचिवालय
हेटौंडा,मकवानपुर।
फोन नं. ०५७-५२७५०६
ईमेलः **state3assembly@gmail.com**
वेभ साईटः **https://provincialassembly.bagamati.gov.np/**



# शुभकामना

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका सात प्रदेशहरुमध्ये संघीय राजधानी भएको, सबैभन्दा धेरै जनसंख्या भएको, विकासका हरेक सूचकाङ्कहरुमा अगाडि रहेको, साक्षर प्रदेश बागमती प्रदेशको प्रदेश सभाले आफ्नो स्थापनाको चौथो वर्ष पूरा गरी पाँचौ वर्षमा प्रवेश गरेको उपलक्ष्यमा सम्पूर्ण प्रदेशबासी, दिदीबहिनी, दाजुभाइमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु। यस सुखद अवसरमा प्रदेश सभाले गएको वर्षमा गरेका विभिन्न गतिविधिहरु, प्रदेशको भौगोलिक, जनसांख्यिक तथा राजनीतिक विवरणहरु समेटेर बागमती प्रदेश सभाले यस पुस्तक प्रकाशन गर्न सकेकोमा अत्यन्तै खुसी लागेको छ। विभिन्न चुनौतिका बावजुत पनि प्रदेश सभाले सम्पादन गरेका कार्यहरु भविष्यका लागि पनि पढ्न र बुझ्न पाउनुपर्ने कुरालाई मनन् गर्दै प्रदेश सभा सचिवालयले यो पुस्तक प्रकाशन गर्न लागेको हो। यस्ता प्रकाशनहरुले प्रदेश सभाको गतिविधिको व्यवस्थित अभिलेखीकरण गर्नुका साथै सम्पादित कार्यहरुलाई पारदर्शीरुपमा आम पाठकहरु माझ प्रस्तुत गर्न मद्धत गर्नेछ भन्ने मैले विश्वास लिएको छु।

कोरोना महामारीका कारण अघिल्ला दुई वर्षहरु जस्तै यो वर्षको वार्षिकोत्सव समारोह पनि भव्यरुपमा मनाउन नपाउने अवस्था सिर्जना भएको छ। यस्तो विषम् परिस्थितिमा सामाजिक दुरी कायम गर्दै सरकारले तोकेका सुरक्षा मापदण्डको पालना गर्दै प्रदेश सभाको वार्षिकोत्सव कार्यक्रमलाई मनाउन गइरहेका छौं। यस्तो बेला यही प्रकाशनले नै वार्षिकोत्सवको सान्दर्भिकतालाई प्रष्ट्याउने छ भन्ने मैले अपेक्षा गरेको छु। यो पुस्तक प्रकाशन गर्न अहोरात्र खट्नु हुने प्रकाशन समितिका साथीहरु तथा सल्लाह सुझाव उपलब्ध गराउनुहुने माननीयहरु प्रति आभार व्यक्त गर्दै सहयोग गर्नुहुने सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दछु।

सानु कुमार श्रेष्ठ
सभामुख



# शुभकामना

आन्दोलनहरुबाट स्थापित संघीयताको सफल कार्यान्वयन पछि स्थापना भएको बागमती प्रदेशको प्रदेश सभाले आफ्नो स्थापनाको चौथो वर्ष पूरा गरी पाँचौ वर्षमा प्रवेश गरेको अवसरमा सम्पूर्ण नेपाली तथा प्रदेशबासी महानुभावहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु। प्रदेश सभा परिवर्तनका पक्षधरहरुले विभिन्न आन्दोलनहरुमा गरेका बलिदानीको त्याग र समर्पणको निसानीको रुपमा रहेको एउटा अमूल्य निधि हो। प्रदेश सभा संघीयताका पक्षधर तमाम नागरिकको आस्थाको धरोहर पनि हो। प्रदेश सभाको वार्षिकोत्सवको अवसरमा संघीयताका पक्षधर आम नागरिकका पक्षमा अविचलित भई लागि रहन प्रेरणा मिलोस् भन्ने कामना पनि व्यक्त गर्दछु। देश कठिन र विषम् परिस्थितिबाट गुज्रिरहेको यो अवस्थामा प्रदेश सभा मार्फत नागरिकका पक्षमा तथा परिवर्तनलाई स्थायित्व दिने खालका नीति निर्माणमा सबैको ध्यान जान सकोस् भन्ने कामना व्यक्त गर्दछु।

प्रदेश सभाले वार्षिकोत्सवको अवसरमा प्रकाशन गरेको पुस्तकले हाम्रो प्रदेशको वास्तविक चिनारी दिने छ भन्ने अपेक्षा गरेको छु। यस्ता प्रकाशनहरुले प्रदेशको बारेमा तथा प्रदेश सभाले गरेका कार्यहरुको बारेमा यथेष्ट जानकारी प्रदान गर्नेछ भन्ने मैले अपेक्षा गरेको छु। पुस्तक प्रकाशनका लागि खट्नु हुने सम्पूर्णलाई मुरीमुरी धन्यवाद व्यक्त गर्दै प्रकाशनका लागि सहयोग गर्ने सबैपक्ष प्रति हार्दिक आभार व्यक्त गर्दछु।

राधिका तामाङ
उपसभामुख

# शुभकामना



बागमती प्रदेशको प्रदेश सभाले स्थापनाको चौथो वर्ष पूरागरी पाँचौ वर्ष प्रवेश गरेको सुखद अवसरमा सम्पूर्ण प्रदेशबासीमा हार्दिक शुभकामना व्यक्त गर्दछु। प्रदेश सभाको वार्षिकोत्सव भव्यरुपमा मनाउने हामी सबैको चाहनालाई अघिल्ला दुई वर्ष जस्तै यो वर्ष पनि कोरोना महामारीले प्रभावित बनाएको छ। यद्यपी हामीले यो महामरीको चुनौतिलाई अवसरको रुपमा सदुपयोग गर्दै अभिलेखीकरणलाई जोड दिने प्रयास गरेका छौं। सार्वजनिक प्रशासनमा अभिलेखको ठूलो महत्व हुन्छ भन्ने कुरालाई हृदयङ्गम गर्दै प्रदेश सभा तथा बागमती प्रदेशका विभिन्न विषयवस्तु एवं अन्य प्रदेशको संक्षिप्त विवरणहरुको समेत समावेश हुने गरी हामीले यो वर्ष यो पुस्तक प्रकाशन गरेका छौं।

हाम्रो प्रकाशनले बागमती प्रदेशलाई जान्न बुझ्न खोज्नेहरुको लागि प्राथमिक जानकारीको बलियो साधनको काम गर्नेछ भन्ने अपेक्षा गरेका छौं। यस्ता प्रकाशनहरु भविष्यका लागि समेत अध्ययन सामाग्रीको रुपमा रहिरहने हुँदा यस्ता सामाग्रीको महत्व पछिसम्मै हुनेछ। यो पुस्तक अध्ययन गरी यसका कमीकमजोरीहरु भए सल्लाह सुझावहरु समेत उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु।

कृष्ण हरि खड्का
सचिव

# विषयसूची



| | | |
|---|---|---|
| १. | प्रदेश | १ |
| २. | बागमती प्रदेशको चिनारी | ५ |
| ३. | सम्माननीय प्रधानमन्त्रीबाट सम्बोधन | ८ |
| ४. | प्रदेश प्रमुखबाट सम्बोधन | ९ |
| ५. | बागमती प्रदेश सभा | १० |
| | ५.१. प्रदेश सभा | १० |
| | ५.२. मुख्यमन्त्री | ११ |
| | ५.३. सभामुख र उपसभामुख | १२ |
| | ५.४. संसदीय पदाधिकारी | १२ |
| | ५.५. बैठक संचालन | १३ |
| | ५.६. संसदीय दलका पदाधिकारी | १४ |
| | ५.६.१. नेपाल कम्युनिष्ट पार्टी (एमाले) | १४ |
| | ५.६.२. नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | १४ |
| | ५.६.३. नेपाली काङ्ग्रेस | १४ |
| | ५.६.४. नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) | १५ |
| | ५.६.५. विवेकशिल साझा पार्टी | १५ |
| | ५.६.६. नेपाल मजदुर किसान पार्टी | १५ |
| | ५.६.७. राष्ट्रिय प्रजातन्त्र पार्टी | १५ |
| | ५.६.८. जनता समाजवादी पार्टी नेपाल | १५ |
| | ५.७. प्रदेश सभाका सदस्य | १६ |
| | ५.७.१. प्रदेश सभा सदस्य | १६ |
| | ५.७.२. लिङ्ग | २२ |
| | ५.७.३. राजनीतिक दलको प्रतिनिधित्व | २३ |
| | ५.७.४. जिल्लागत विवरण | २४ |
| | ५.७.५. जातिगत विवरण | २५ |
| | ५.७.६. उमेर समुह | २६ |
| | ५.७.७. शैक्षिक योग्यता | २७ |
| | ५.८. राजनीतिक दलको प्रतिनिधित्व | २८ |
| | ५.८.१. निर्वाचन क्षेत्र | २८ |
| | ५.८.२. प्रत्यक्ष/समानुपातिक | २८ |

| | | |
|---|---|---|
| | ५.९. अधिवेशन र सभाको बैठक | २९ |
| | ५.१०. मुख्यमन्त्रीबाट शून्य र विशेष समयको जवाफ | ३० |
| | ५.११. बजेट प्रस्तुत | ३१ |
| | ५.१२. प्रतिवेदन प्रस्तुत | ३२ |
| | ५.१३. अध्यादेश/विधेयक | ३२ |
| | ५.१४. प्रदेश सभाले बनाएका कार्यविधि | ३२ |
| ६. | कार्यव्यवस्था परामर्श समिति | ३३ |
| ७. | सचिवालय संचालन तथा व्यवस्थापन समिति | ३४ |
| ८. | विषयगत समिति | ३५ |
| | ८.१. नाम र कार्यक्षेत्र | ३५ |
| | ८.२. समिति सभापति तथा समिति सचिव | ३६ |
| | ८.३. समिति र उपसमितिको बैठक तथा स्थलगत अनुगमन/अवलोकन | ३७ |
| | ८.४. समितिको वार्षिक प्रतिवेदन | ३८ |
| ९. | प्रदेश सभा संचालनसंग सम्बन्धित ऐन/नियमहरु | ३८ |
| | ९.१. पदाधिकारी तथा सदस्यले पाउने पारिश्रमिक तथा सुविधा | ३९ |
| | ९.२. पदाधिकारी तथा सदस्यलाई दिइने अन्य सुविधा | ४० |
| १०. | प्रदेश सभा नियमावलीका प्रावधान | ४० |
| | १०.१. बैठकमा पालन गर्नु पर्ने नियमहरु | ४० |
| | १०.२. छलफलमा भाग लिने सदस्यले पालना गर्नु पर्ने नियमहरु | ४१ |
| | १०.३. नियमापत्ति | ४१ |
| | १०.४. सदस्यको आचरण र अनुगमन सम्बन्धी व्यवस्था | ४२ |
| | १०.५. बैठकको सुव्यवस्था | ४२ |
| | १०.६. सभामा पेश हुने प्रस्तावहरु | ४३ |
| | १०.७. प्रदेश सभा नियमावलीका महत्वपूर्ण विषयहरु | ४३ |
| ११. | विदेशी अतिथिको भ्रमण | ४५ |
| १२. | प्रदेश सभा सचिव | ४७ |
| १३. | बागमती प्रदेश सभा सचिवालय | ४८ |
| | १३.१. संगठन तालिका | ४८ |
| | १३.२. प्रस्तावित संगठन तालिका | ४९ |
| | १३.३. कर्मचारी विवरण | ५० |
| | १३.४. संसदीय दल | ५२ |


१३.५. अभिलेख व्यवस्थापन ५२
१३.६. सम्पूर्ण विवरण ५३
१३.७. डिजिटल संसद ५३
१३.८. सचिवलायको वार्षिक बजेट, प्रगति र वार्षिक कार्यक्रम ५४
१३.८.१. वार्षिक बजेट र प्रगति ५४
१३.८.२. सचिवालयको प्रमुख कार्यक्रम ५५
१३.९. पिजल होल, एटिएम र एम्बुलेन्स ५५
१३.१०. मर्यादापालक र सुरक्षाकर्मी ५७
१३.११. वार्षिकोत्सव कार्यक्रम ५८
१४. पुस्तकालय तथा संसदीय डिजिटल पुस्तकालय ५९
१४.१. पुस्तकालय ५९
१४.२. संसदीय डिजिटल पुस्तकालय ६०
१५. पत्रकार सम्मेलन ६१
१६. सहयोगी संस्था ६१
१७. सचिवालयमा अध्ययन अवलोकन ६२
१८. खुल्ला संसद ६३
१९. सचिवालयको भौतिक प्रगति ६३
२०. सचिवालयको आगामी कार्यदिशा ६३

## १.प्रदेश


### बागमती प्रदेश




### प्रदेश नं.१




## मधेश प्रदेश




## गण्डकी प्रदेश




## लुम्बिनी प्रदेश




## कर्णाली प्रदेश



## सुदुरपश्चिम प्रदेश



# २. बागमती प्रदेशको चिनारी

**क्षेत्रफल:-**

**२०,३०० वर्ग कि.मि**

प्रदेशको कूल जनसंख्या :– ५५,२९,४५२ ( वि.सं.२०६८ को जनगणना अनुसार)

वार्षिक कूल बजेट :– ५७ अर्ब ७२ करोड ९ लाख २७ हजार (आर्थिक वर्ष २०७८/७९)

महानगरपालिका :– ३

गाउँपालिका :– ७४

**राजधानी :- हेटौंडा**

(प्रदेश सभाबाट पारित मिति २०७६ पौष २७ गते)

महिला जनसंख्या :– ५०.३१ प्रतिशत

जिल्ला संख्या :– १३

उपमहानगरपालिका :– १

जम्मा वडा संख्या :– ११२१

**नामाकरण :- बागमती**

(प्रदेश सभाबाट पारित मिति २०७६ पौष २७ गते)

पुरुष जनसंख्या :– ४९.६९ प्रतिशत

जम्मा स्थानीय तह संख्या :– ११९

नगरपालिका :– ४१

वार्षिक जनसंख्या वृद्धिदर :– १.९१ प्रतिशत( वि.सं.२०६८ को जनगणना अनुसार)

| | |
|---|---|
| प्रमुख पर्यटकीय स्थलहरु | •युनेस्कोद्वारा विश्वसम्पदा सूचिमा समाविष्ट गरिएका सम्पदाहरु :- पशुपतिनाथ क्षेत्र, स्वयम्भुनाथ, बौद्धनाथ, बसन्पुर दरवार क्षेत्र, भक्तपुर दरवार क्षेत्र, पाटन दरवार क्षेत्र, चाँगुनारायण मन्दिर र चितवन राष्ट्रिय निकुञ्ज |
| धार्मिक सम्पदाहरु | •यस प्रदेशमा हिन्दुहरुको आराध्यदेव पशुपतिनाथ (काठमाडौं), बूढानीलकण्ठ(काठमाडौं),स्वयम्भूनाथ(काठमाडौं), चाँगुनारायण (भक्तपुर), गोसाइकुण्ड (रसुवा), कालिञ्चोक भगवती (दोलखा), भिमेश्वर (दोलखा), लगायतका महत्वपूर्ण धार्मिक स्थलहरु छन् । |
| प्रमुख ताल र कुण्डहरू | •२० हजारी ताल, गोसाईकुण्ड, च्छोरोल्पा हिमताल, इन्द्रसरोवर, जटा पोखरी, पाँच पोखरी, आदि। |
| हिमश्रृखलाहरू/हिमालहरु | • लाङटाङ हिमश्रृंखला, गौरीशंकर हिमश्रृंखलाआदि ।<br>• लाङटाङ,गौरीशंङ्कर,जुगल। |
| ऐतिहासिक गढी तथा किल्लाहरु | •मकवानपुरगढी, सिन्धुलीगढी, हरिहरपुरगढी, रसुवागढी, चिसापानीगढी आदि |
| बिमानस्थलहरु | •त्रिभूवन अन्तर्राष्ट्रिय बिमानस्थल (काठमाण्डौं) , भरतपुर बिमानस्थल (चितवन) र रामेछाप बिमानस्थल (मन्थली) |
| प्रमुख राजमार्गहरु | •त्रिभूवन राजपथ, पूर्वपश्चिम राजमार्ग,मदन भण्डारी राजमार्ग, कान्तिलोकपथ, वि.पि. कोइराला राजमार्ग, पृथ्वी राजमार्ग आदि। |

| | |
|---|---|
| निकुञ्ज तथा वन्यजन्तु आरक्ष | •चितवन राष्ट्रिय निकुञ्ज , लाङटाङ राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज,शिबपुरी राष्ट्रिय निकुञ्ज। |
| साक्षरता प्रतिशत | •९७.२२ प्रतिशत (वि.सं. २०७८ असोज ११ मा देशकै पहिलो साक्षर प्रदेश घोषित) |
| आर्थिक बृद्धिदर | •६.७ प्रतिशत (अनुमानित) |

| | |
|---|---|
| कुल ग्राहस्थ उत्पादनमा योगदान | - ३६.९ प्रतिशत |
| बैंक तथा वित्तिय संस्थाका शाखाहरु | - २,९२६ वटा |
| बीमा कम्पनीका शाखा | - ८०७ वटा |
| कूल ग्राहस्थ उत्पादनको वृद्धिदर | - ५.८४ प्रतिशत |
| उद्योग तथा लघु उद्योग दर्ता | - ५,६१५ वटा |
| घरेलु तथा साना उद्योग दर्ता | - १,७६,६८९ |
| कम्पनी दर्ता | - २,८३,३५८ वटा |
| विदेशी लगानी स्वीकृत | - ४,४१७ |
| सवारी साधन दर्ता | - १,१५,०५६ |
| तारे होटलका संख्या | - ९१ |
| सडकको लम्बाई | - १६,१०० कि.मी. |
| घरमा शौचालय निर्माण | - शतप्रतिशत |
| आधारभुत खानेपानी सुविधा | - ९३.८ प्रतिशत |
| खेतियोग्य जमिन | - ४,९०,०९३ हेक्टर |
| सिचाँई सुविधा | - १,२८,९७१ हेक्टर |
| जलविद्युत उत्पादन | - १०१६ मेगावाट |
| वन क्षेत्र | - १६.५ प्रतिशत |
| विद्यालय संख्या | - ६,५६९ |
| स्वास्थ्य संस्था | - २,७४६ |
| कृषि उत्पादन | - १७.१२ प्रतिशत |
| सहकारी संस्था | - ११,५७७ |
| बहुआयामिक गरिबी | - ७ प्रतिशत |

## ३. सम्माननीय प्रधानमन्त्रीबाट सम्बोधनः-

नेपालका तत्कालिन सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीबाट बागमती प्रदेश सभाको मिति २०७४ ज्येष्ठ २६ गते बसेको बैठकमा माननीय सदस्यहरुलाई विशेष सम्बोधन गर्नु भएको थियो।



## ४. प्रदेश प्रमुखबाट सम्बोधनः-

संविधानको धारा १८४ बमोजिम प्रदेश प्रमुखले प्रदेश सभाको बैठकमा प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरी वार्षिक रुपमा सम्बोधन गर्नु हुने प्रावधान रहेको छ। साथै प्रदेश प्रमुखले सभाको बैठकमा आवश्यकता अनुसार सम्बोधन गर्न सक्ने व्यवस्था रहेको छ।







मा. अनुराधा कोईराला

प्रदेश प्रमुख

प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुदै

(आ.व. २०७५/०७६ र आ.व. २०७६/०७७)

मा. विष्णु प्रसाद प्रसाई

प्रदेश प्रमुख

प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुदै

(आ.व. २०७७/०७८ र आ.व. २०७८/०७९)

मा. यादव चन्द्र शर्मा

प्रदेश प्रमुख

प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुदै

(आ.व. २०७९/०८०)

## ५. बागमती प्रदेश सभा

### ५.१. प्रदेश सभाः

जम्मा सदस्य संख्याः ११०

प्रत्यक्षः६६

समानुपातिकः ४४

| | |
|---|---|
| पुरुष सदस्य संख्या :- | ७४ जना ( ६७.२७ प्रतिशत) |
| महिला सदस्य संख्या :- | ३६ जना (३२.७३ प्रतिशत) |
| सदस्य सपथग्रहण :- | मिति २०७४ माघ ७ गते |
| पहिलो अधिवेशन :- | मिति २०७४ माघ १८ गते |
| सभामुखको निर्वाचन :- | मिति २०७४ माघ २७ गते |
| उपसभामुखको निर्वाचन :- | मिति २०७४ माघ २८ गते |
| प्रदेश सभा नियमावली पारित :- | मिति २०७४ फागुन १४ गते |
| पहिलो संशोधन :- | मिति २०७६ भाद्र १० गते |
| राजधानी र नामाकरण :- | मिति २०७६ पौष २७ गते |
| माननीय सदस्य विदाई :- | मिति २०७९ असोज १ गते |

## ५.२. मुख्यमन्त्री :




मानतीय डोरमणि पौडेल

पूर्वमुख्यमन्त्री




माननीय अष्टलक्ष्मी शाक्य

पूर्वमुख्यमन्त्री




माननीय राजेन्द्र प्रसाद पाण्डे

मुख्यमन्त्री

## ५.३. सभामुख र उपसभामुख :

नेपालको संविधानको धारा १८२ बमोजिम प्रदेश सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले १५ दिन भित्र प्रदेश सभाका सदस्यहरुले आफू मध्येबाट प्रदेश सभाका सदस्यहरुले प्रदेश सभामुख र उपसभामुखको निर्वाचन गर्ने व्यवस्था रहेको छ। निर्वाचन गर्दा सभामुख वा उपसभामुख फरक दलको प्रतिनिधि र एक जना महिला हुने व्यवस्था रहेको छ। प्रदेश सभामुखको अनुपस्थितिमा उपसभामुखले सभाको अध्यक्षता गर्ने व्यवस्था रहेको छ। प्रदेश सभाको २०७४ माघ २७ गतेको बैठकले प्रदेश सभाको सभामुख पदमा माननीय सानु कुमार श्रेष्ठ र २०७४ माघ २८ गतेको बैठकले उपसभामुख पदमा माननीय राधिका तामाङलाई निर्विरोध निर्वाचित गरेको थियो। प्रदेश सभाको पहिलो बैठकको अध्यक्षता प्रदेश सभाको ज्येष्ठ सदस्य माननीय डोरमणि पौडेलले गर्नुभएको थियो।



मा. डोरमणि पौडेल
जेष्ठ सदस्य
पहिलो बैठक (मिति २०७४ माघ १८ गते)



मा. सानु कुमार श्रेष्ठ
सभामुख
(पूरा कार्यकाल)



मा. राधिका तामाङ
उपसभामुख
(पूरा कार्यकाल)

## ५.४. संसदीय पदाधिकारी :

| | |
|---|---|
| १. सभामुख | २. उपसभामुख |
| ३. विपक्षी दलको नेता | ४. मुख्य सचेतक |
| ५. दलको प्रमुख सचेतक | ६. विपक्षी दलको प्रमुख सचेतक |
| ७. विषयगत समितिका सभापति | |

## ५.५. बैठक संचालन :



माननीय सभामुख श्री सानु कुमार श्रेष्ठ



माननीय उपसभामुख श्री राधिका तामाङ

## ५.६. संसदीय दलका पदाधिकारी :

### ५.६.१ नेपाल कम्यूनिष्ट पार्टी (एमाले)



मा. अष्टलक्ष्मी शाक्य
विपक्षी दलको नेता



मा. दीपक निरौला
प्रमुख सचेतक

### ५.६.२ नेपाल कम्यूनिष्ट पार्टी (माओवादी केन्द्र)



मा. शालिकराम जम्कट्टेल
नेता



मा. कुमारी मोक्तान
उपनेता



मा. बुद्धिमान माझी
प्रमुख सचेतक



मा. प्रतिमा श्रेष्ठ
सचेतक

### ५.६.३ नेपाली काँग्रेस



मा. ईन्द्र बहादुर बानिया
नेता



मा. कृष्णलाल भडेल
उपनेता



मा. राधा घले
प्रमुख सचेतक



मा. छिरिङ्ग दोर्जे लामा
सचेतक

## ५.६.४ नेपाल कम्यूनिष्टपार्टी (एकीकृत समाजवादी)


मा. राजेन्द्र प्रसाद पाण्डे
नेता


मा. कृष्ण प्रसाद शर्मा(खनाल)
उपनेता


मा. मुनु सिग्देल
मुख्य सचेतक


मा. बसुन्धरा हुमागाई
सचेतक

## ५.६.५ विवेकशिल साझा पार्टी


मा. रमेश पौडेल
नेता

## ५.६.६ नेपाल मजदुर किसान पार्टी


मा. सुरेन्द्रराज गोसाई
नेता

## ५.६.७ राष्ट्रिय प्रजातन्त्र पार्टी

......................
नेता

## ५.६.८ जनता समाजवादी पार्टी नेपाल


मा. प्रेम बहादुर तामाङ
नेता

## ५.७. प्रदेश सभाका सदस्य :

### ५.७.१. प्रदेश सभा सदस्य :



मा. डा.अजय क्रान्ति शाक्य



मा. अरुण प्रसाद नेपाल



मा. अष्ट लक्ष्मी शाक्य (बोहोरा)



मा. आङ देण्डी लामा



मा. आशामाया तामाङ



मा.इन्द्रमाया गुरुङ्ग



मा. ईन्द्र बहादुर बानियाँ



मा. उर्मिला कर्माचार्य



मा. ओम बहादुर ग्लान



मा. कञ्चन खनाल



मा.कल्पना नेपाली



मा. कुमारी मुक्तान



मा. कुसुम कुमार कार्की



मा. कृष्ण प्रसाद भुर्तेल



मा. कृष्ण प्रसाद शर्मा खनाल



मा.कृष्णलाल भडेल



मा. केशव प्रसाद पोखरेल



मा. केशव राज पाण्डे



मा. केशव स्थापीत



मा. कैलाश प्रसाद ढुङ्गेल



मा. गणेशप्रसाद दुलाल



मा. गीता वाग्ले



मा. गोमा भुर्तेल



मा. घनश्याम दाहाल



मा. चन्द्र बहादुर लामा



मा.चेतनाथ संजेल



मा. छिरीङ्ग दोर्जे लामा



मा. जगत बहादुर सिम्खडा



मा. जिवन खड्का



मा. जीवन डंगोल



मा.जुनेली माया श्रेष्ठ



मा. डोरमणि पौडेल



मा. दावा दोर्जे लामा



मा. दिनेश महर्जन



मा. दिपेन्द्र श्रेष्ठ



मा. दीपक निरौला



मा. देवकी श्रेष्ठ



मा. नरोत्तम वैद्य



मा. नारायण बहादुर सिलवाल



मा. निमा लामा



मा.न्हुक्षे नारायण श्रेष्ठ



मा. पार्वती सिलवाल



मा. पुकार महर्जन



मा. प्रकाश श्रेष्ठ



मा. प्रतिमा श्रेष्ठ



मा.प्रदिप कुमार कटुवाल क्षेत्री



मा. प्रभात तामाङ



मा. प्रेम बहादुर तामाङ



मा. प्रेम बहादुर पुलामी



मा. बद्री मैनाली



मा.बलराम पौडेल



मा. बसुन्धरा हुमागाई



मा. बिजुला बर्मा राणा



मा. बिराज भक्त श्रेष्ठ



मा. बेली माया घले



मा.भावना सुवेदी



मा. भिमसेन खत्री



मा. मणिराम फुयाल



मा. माधव प्रसाद पौडेल



मा. मीना ज्ञवाली नेपाल



मा. मिलनबाबु श्रेष्ठ



मा. मुनु सिग्देल



मा. मैना अछामी



मा. युवराज दुलाल



मा. योगेन्द्र राज संग्रौला



मा. रचनाखड्का



मा. रजनी अमात्य जोन्छे



मा. रत्न प्रसाद ढकाल



मा. रमा आले मगर



मा. रमेश पौड्याल



मा.राजकाजी महर्जन



मा. डा. राजा राम कार्की क्षेत्री



मा. राजेन्द्र गुरुङ्ग



मा. राजेन्द्र प्रसाद पाण्डे



मा. डा. राजेन्द्र मान श्रेष्ठ



मा.राजेस शाक्य



मा. राधा घले



मा. राधिका तामाङ



मा. डा. राम कुमार अधिकारी



मा. रामलाल महतो



मा.रामेश्वर फुयाल



मा. रिता माझी



मा. रीना गुरुङ्ग



मा. लक्ष्मण लम्साल



मा. लाल कुमारी पुन



मा.लेखनाथ दाहाल



मा. वसन्त प्रसाद मानन्धर



मा. विजय सुवेदी



मा. विजया श्रेष्ठ के.सी.



मा. विनोद कुमार खड्का



मा.विशाल खड्का



मा. बुद्धिमान माझी



मा. शशिजंग थापा



मा. शान्ति थिङ्ग



मा. शान्तिप्रसाद पौडेल



मा.शालिकराम जम्कट्टेल



मा. शोभा शाक्य



मा. सन्त बहादुर प्रजा



मा. सरस्वती बस्नेत



मा. सरस्वती बाटी



मा. सरेशनेपाल



मा. सानुकुमार श्रेष्ठ



मा. सीता लामा



मा. सीता अधिकारी



मा. सुरेन्द्रराज गोसाई



मा.सृजना सायजू



मा. हिमाली गोले




मा. हिरानाथ खतिवडा




मा. ज्ञानेन्द्र शाक्य

### ५.७.२ लिङ्ग :





| पुरुष माननीय संख्या | महिला माननीय संख्या |
|---|---|
| ७४ जना | ३६ जना |
| ६७.२७ प्रतिशत | ३२.७३ प्रतिशत |

## ५.७.३. राजनीतिक दलको प्रतिनिधित्व :





| राजनितिक दल | सदस्य संख्या |
|---|---|
| ने.क.पा. (एमाले) | ४३ |
| ने.क.पा. (माओवादी केन्द्र) | २३ |
| नेपाली काङ्ग्रेस | २२ |
| ने.क.पा. (एकिकृत समाजवादी) | १३ |
| विवेकशिल साझा पार्टी | ३ |
| नेपाल मजदुर किसान पार्टी | २ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | २ |
| जनता समाजवादी पार्टी | १ |

## ५.७.४. जिल्लागत विवरण :





| सि.नं. | जिल्ला | संख्या |
|---|---|---|
| १. | काठमाण्डौं | ३१ |
| २. | ललितपुर | ११ |
| ३. | भक्तपुर | ६ |
| ४. | सिन्धुपाल्चोक | ६ |
| ५. | काभ्रेपलाञ्चोक | ५ |
| ६. | रामेछाप | ३ |
| ७. | दोलखा | ७ |
| ८. | सिन्धुली | ६ |
| ९. | नुवाकोट | ६ |
| १०. | रसुवा | ३ |
| ११. | धादिङ | ५ |
| १२. | चितवन | १३ |
| १३. | मकवानपुर | ८ |
| जम्मा | | ११० |

### ५.७.५ जातिगत विवरण :





| जाति | सदस्य संख्या | जाति | सदस्य संख्या |
|---|---|---|---|
| ब्राह्मण | ३९ | नेवार | २८ |
| क्षेत्री | १५ | तामाङ | १३ |
| मगर | ०३ | गुरुङ | ०३ |
| घले | ०२ | माझी | ०२ |
| दलित | ०२ | थारु | ०१ |
| चेपाङ | ०१ | शेर्पा | ०१ |

## ५.७.६ उमेर समूह :




| सि.नं. | उमेर समुह वर्ष | संख्या |
|---|---|---|
| १. | २५-४० | १२ |
| २. | ४१-५५ | ४९ |
| ३. | ५६-७० | ४६ |
| ४. | ७१ वर्ष भन्दा माथि | २ |
| जम्मा | | १०९ |


## ५.७.७. शैक्षिक योग्यता :




| सि.नं. | शैक्षिक योग्यता | संख्या |
|---|---|---|
| १. | एस.एल.सी भन्दा मुनि | ११ |
| २. | एस.एल.सी | १६ |
| ३. | प्रमाण पत्र तह | १८ |
| ४. | स्नातक तह | ३२ |
| ५. | स्नातकोत्तर | २९ |
| ६. | विद्यावारिधि | ३ |
| जम्मा | | १०९ |

## ५.८. राजनीतिक दलको प्रतिनिधित्व :


### ५.८.१. निर्वाचन क्षेत्रः





**बागमती प्रदेश सभामा विभिन्न जिल्लाबाट प्रतिनिधित्व**

| | | | | | |
|---|---|---|---|---|---|
| दोलखा - २ | रामेछाप - २ | सिन्धुली -४ | काभ्रेपलान्चोक - ४ | सिन्धुपाल्चोक - ४ | रसुवा - २ |
| नुवाकोट - ४ | धादिङ - ४ | चितवन - ६ | मकवानपुर -४ | भक्तपुर - ४ | ललितपुर - ६ |
| | | काठमाण्डौ - २० | | | |

## ५.८.२. प्रत्यक्ष/समानुपातिक



## ५.९. अधिवेशन र सभाको बैठक :




| अधिवेशन | अवधि | बैठक संख्या |
|---|---|---|
| पहिलो अधिवेशन | २०७४ माघ १८ - २०७५ बैशाख १४ | १९ |
| दोश्रो अधिवेशन | २०७५ जेठ ०१ - २०७५ पौष १२ | ६१ |
| तेश्रो अधिवेशन | २०७५ चैत्त १७ - २०७६ बैशाख १० | ०९ |
| चौथो अधिवेशन | २०७६ बैशाख २० - २०७६ भाद्र २५ | ३८ |
| पाँचौं अधिवेशन | २०७६ पौष २१ - २०७६ चैत्र ०६ | २५ |
| छैठौं अधिवेशन | २०७७ जेठ १२ - २०७७ श्रावण ०८ | २४ |
| सातौं अधिवेशन | २०७७ माघ ०७ - २०७८ बैशाख ०७ | ०६ |
| आठौं अधिवेशन | २०७८ जेठ १६ - २०७८ भाद्र ११ | २४ |
| नवौं अधिवेशन | २०७८ असोज १२ - २०७८ चैत्र ०८ | १२ |
| दशौं अधिवेशन | २०७९ जेठ १३ - २०७९ साउन ०९ | ३४ |
| जम्मा | | २५२ |

## ५.१०. मुख्यमन्त्रीबाट शून्य र विशेष समयको जवाफ :










बागमती प्रदेश सभा बैठकका शून्य र विशेष समयका विभिन्न कार्यक्रमहरुमा माननीय सदस्यहरुले उठाउनु भएका विषयहरुको जवाफ सभामा दिनुहुदैं माननीय मुख्यमन्त्रीहरु।

## ५.११. बजेट प्रस्तुत :




बजेट प्रस्तुत गर्नुहुदैं माननीय आर्थिक मामिला तथा योजना मन्त्री कैलाश प्रसाद ढुङ्गेल।
(आ.व. २०७५/०७६, आ.व. २०७६/०७७, आ.व. २०७७/०७८, आ.व. २०७८/०७९)




बजेट प्रस्तुत गर्नुहुदैं माननीय आर्थिक मामिला तथा योजना मन्त्री शालिकराम जम्मकट्टेल।
(आ.व. २०७९/०८०)

### ५.१२. प्रतिवेदन प्रस्तुत :

नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम संवैधानिक निकायबाट प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा प्रदेश प्रमुख समक्ष पेश भएका प्रतिवेदन सभामा पेश हुने गरेका छन्।

१. महालेखा परीक्षकको वार्षिक प्रतिवेदन
२. प्रदेश लोक सेवा आयोगको वार्षिक प्रतिवेदन
३. मुख्य न्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन




माननीय मुख्यमन्त्रीबाट संवैधानिक निकायका प्रतिवेदन पेश गर्नु हुदैं।

### ५.१३. अध्यादेश/विधेयक :

| | | |
|---|---|---|
| दर्ता भएका विधेयक - ७४ | पारित भएका विधेयक - ७० | स्वीकृत अध्यादेश - ८ |
| पारित कार्यविधि - २ | मूल विधेयक - ५५ | |
| पारित हुन नसकेका विधेयक - ४ | संशोधन विधेयक - १५ | |
| प्रमाणिकरण भएका विधेयक - ७० | | |

### ५.१४. प्रदेश सभाले बनाएका कार्यविधि :

- प्रदेश सभा बैठक संचालन सम्बन्धी कार्यविधि
- दस्तखत सहितको मत विभाजन सम्बन्धी आन्तरिक कार्यविधि

## ६. कार्यव्यवस्था परामर्श समिति

प्रदेश सभाका बैठकमा पेश हुने विषयहरुको प्राथमिकता तथा समयावधिको निर्धारण, बैठकलाई सुव्यवस्थित रुपले संचालन गर्ने लगायत सभामुखको परामर्शको लागि सभामुखको अध्यक्षतामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलको सदस्य समावेश हुने गरी बढीमा १७ जना सदस्य सहितको समिति गठन हुनेछ।प्रदेश सभाका उपसभामुख र प्रदेशको कानून मन्त्री क्रमशः पदेन उपाध्यक्ष र सदस्य रहने व्यवस्था छ।



माननीय सानु कुमार श्रेष्ठ
सभामुख (अध्यक्ष)



माननीय राधिका तामाङ
उपसभामुख (उपाध्यक्ष)



माननीय कृष्ण प्रसाद शर्मा खनाल
आन्तरिक मामिला तथा कानून मन्त्री (सदस्य)



मा. कञ्चन खनाल
सदस्य



मा. गणेश दुलाल
सदस्य



मा. छिरिङ्ग दोर्जे लामा
सदस्य



मा. पुकार महर्जन
सदस्य



मा. बुद्धिमान माझी
सदस्य



मा. रिता माझी
सदस्य



मा. रीना गुरुङ्ग
सदस्य



मा. शोभा शाक्य
सदस्य



मा सुरेन्द्रराज गोसाई
सदस्य

## ७. सचिवालय संचालन तथा व्यवस्थापन समिति

प्रदेश सभा र सचिवालयलाई सुचारु रुपले संचालन तथा व्यवस्थापन गर्न आवश्यक नीति निर्धारण गर्न तथा रेखदेख, नियन्त्रण र सुपरिवेक्षण गर्न देहाय बमोजिमको समिति गठन हुने प्रावधान रहेको छ।

| सि.नं. | पदाधिकारी | पद |
|---|---|---|
| १ | सभामुख | सभापति |
| २. | उपसभामुख | सदस्य |
| ३. | प्रदेश सभा सचिव | सदस्य |
| ४. | सचिवालय सचिव | सदस्य |
| ५. | सचिवालयको प्रशासन शाखाको उपसचिव | सदस्य सचिव |

सचिवालय संचालन तथा व्यवस्थापन समिति



माननीय सानु कुमार श्रेष्ठ
सभामुख (सभापति)



माननीय राधिका तामाङ
उपसभामुख (सदस्य)



श्री कृष्ण हरि खड्का
सचिव (सदस्य)

## ८. विषयगत समिति

### ८.१. नाम र कार्यक्षेत्र :

| क्र.सं. | समितिको नाम | कार्यक्षेत्र |
|---|---|---|
| १ | प्रदेश मामिला समिति | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, संवैधानिक आयोगका प्रतिवेदन (महालेखा परीक्षक र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको वार्षिक प्रतिवेदन बाहेक प्रदेश लोकसेवा आयोग र मुख्य न्यायधिवक्ताको वार्षिक प्रतिवेदन) । |
| २ | अर्थ तथा विकास समिति | आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगको वार्षिक प्रतिवेदन । |
| ३ | सार्वजनिक लेखा समिति | महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, बेरुजू फछ्र्यौट र प्रदेश सरकारको सार्वजनिक लेखा सम्बन्धी । |
| ४ | शिक्षा, स्वास्थ्य तथा कृषि समिति | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय । |
| ५ | उद्योग, पर्यटन तथा वातावरण समिति | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र उपभोक्ता हित सम्बन्धी। |

## ८.२. समिति सभापति र समिति सचिवहरुको विवरण

| प्रदेश मामिला समिति | |
|---|---|
|  |  |
| मा. माधव प्रसाद पौडेल<br>सभापति | श्री सुन्दर बाँस्कोटा<br>समिति सचिव |

| अर्थ तथा विकास समिति | |
|---|---|
|  |  |
| मा नारायण बहादुर सिलवाल<br>सभापति | श्री मनोज कुमार गुप्ता<br>समिति सचिव |

| सार्वजनिक लेखा समिति | |
|---|---|
|  |  |
| मा. न्हुक्षे नारायण श्रेष्ठ<br>सभापति | श्री दिपक अधिकारी<br>समिति सचिव |

| शिक्षा, स्वास्थ्य तथा कृषि समिति | |
|---|---|
|  |  |
| मा. केशव प्रसाद पोखरेल<br>सभापति | श्री सुन्दर पन्त<br>समिति सचिव |

| उद्योग, पर्यटन तथा वातावरण समिति | |
|---|---|
|  |  |
| मा.रमा आले मगर<br>सभापति | श्री शिवराम बोहरा<br>समिति सचिव |


## ८.३. समिति र उपसमितिको बैठक तथा स्थलगत अनुगमन/अवलोकन :

| | | |
|---|---|---|
| **कार्यव्यवस्था परामर्श समिति** | | |
| बैठक संख्याः ९५ | | |
| **प्रदेश मामिला समिति** | | |
| बैठक संख्याः ९२ | उपसमिति बैठक संख्याः ३२ | स्थलगत अनुगमन/अवलोकनः १७ |
| **सार्वजनिक लेखा समिति** | | |
| बैठक संख्याः ७५ | उपसमिति बैठक संख्याः ४१ | स्थलगत अनुगमन/अवलोकनः १४ |
| **अर्थ तथा विकास समिति** | | |
| बैठक संख्याः ७० | उपसमिति बैठक संख्याः २८ | स्थलगत अनुगमन/अवलोकनः ०६ |
| **शिक्षा, स्वास्थ्य तथा कृषि समिति** | | |
| बैठक संख्याः ९६ | उपसमिति बैठक संख्याः ०७ | स्थलगत अनुगमन/अवलोकनः ०५ |
| **उद्योग, पर्यटन तथा वातावरण समिति** | | |
| बैठक संख्याः ७७ | उपसमिति बैठक संख्याः १२ | स्थलगत अनुगमन/अवलोकनः ०८ |

## ८.४. समितिको प्रतिवेदन :

प्रदेश सभा नियमावली, २०७४ अनुसार संसदीय समितिले देहायका प्रतिवेदन सभा समक्ष पेश गर्ने प्रावधान रहेको छ।

१. नियमावलीको नियम १५१ को उपनियम (५) बमोजिम समितिको वार्षिक प्रतिवेदन,
२. नियमावलीको नियम ११९ बमोजिम सम्बन्धित समितिले तयार पारेको विधेयक सम्बन्धी प्रतिवेदन,
३. नियमावलीको नियम १५८ बमोजिम पेश हुने प्रतिवेदन









माननीय सभापतिहरु समितिको प्रतिवेदन सभामा पेश गर्दै

# ९. प्रदेश सभा संचालनसँग सम्बन्धित ऐन/नियमः

१. नेपालको संविधान
२. प्रदेश सभा नियमावली, २०७४
३. प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५
४. प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५
५. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४
६. निजामति सेवा ऐन, २०४९
७. निजामति सेवा नियमावली, २०५०
८. सार्वजनिक खरिद ऐन, २०६३
९. सार्वजनिक खरिद नियमावली, २०६४

## ९.१. पदाधिकारी तथा सदस्यले पाउने पारिश्रमिक तथा सुविधा :

**<u>पदाधिकारी तथा सदस्यले पाउने पारिश्रमिक तथा सुविधा</u>**

| क्र. स. | सुविधाको किसिम | इकाई दर | सभामुख | विपक्षी दलको नेता/ उपसभामुख | सत्तापक्षको मुख्य सचेतक, समितिका सभापति, विपक्षी दलको प्रमुख सचेतक | दलका प्रमुख सचेतक सत्तापक्षको सचेतक र विपक्षी दलको सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना रु. | ६१४८०/- | ५८०००/- | ५६८४०/- | ५४५२० /- | ५२२०० /- |
| २ | बैठक भत्ता | प्रति दिन रु. | १०००/- | १०००/- | १०००/- | १०००/- | १०००/- |
| ३ | सञ्चार सुविधा (टेलिफोन,इन्टरनेट,पत्रपत्रिका) | प्रति महिना रु. | ५०००/- | ३०००, २०००/- | २०००/- | १५००/- | १५००/- |
| ४ | आवास सुविधा | प्रति महिना रु. | आवास उपलब्ध गराउने | आवास उपलब्ध गराउने/२५०००/- | २५०००/- | १५०००/- | १५०००/- |
| ५ | फर्निचर (पाँच वर्षको अवधिमा एक पटक) | एक मुष्ठ रु. | -- | ०/५००००/- | ५००००/- | ५००००/- | ५००००/- |
| ६ | निजी सचिवालय बन्दोवस्त | प्रति महिना रु. | २०००/- | १७५०/- | १७५०/- | १२००/- | -- |
| ७ | सवारी इन्धन | प्रति महिना लि. | १५० | १२५ | १२५ | -- | -- |
| ८ | मोविल | त्रैमासिक लि. | १० | ५ | ५ | -- | -- |
| ९ | यातायात सुविधा | प्रति दिन रु. | -- | -- | -- | -- | १०००/- |
| १० | बिजुली/धारा | प्रति महिना | विल अनुसार | विल अनुसार/२०००/- | २०००/- | २०००/- | २०००/- |
| ११ | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २५००/- | २०००/- | २०००/- | २०००/- | २०००/- |
| १२ | विदेश गर्दाको दैनिक भ्रमण भत्ता | प्रति दिन अमेरीकी डलरमा | २००/- | १७५/- | १७५/- | १७५/- | १७५/- |
| १३ | यात्रा बिमा | प्रति भ्रमण रु (लाखमा) | १० | १० | १० | १० | १० |

### ९.२. पदाधिकारी तथा सदस्यलाई दिइने अन्य सुविधा :

**पदाधिकारी तथा सदस्यलाई दिइने अन्य सुविधा**

| क्र. स. | सुविधाको किसिम | इकाई दर | सभामुख | विपक्षी दलको नेता/ उपसभामुख | सत्तापक्षको मुख्य सचेतक, समितिका सभापति, विपक्षी दलको प्रमुख सचेतक | दलका प्रमुख सचेतक सत्तापक्षको सचेतक र विपक्षी दलको सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | स्वकीय सचिव | जना जना | उपसचिव शाखा अधिकृत | शाखा अधिकृत १/१ | रा.प.अनं.प्रथम नायव सुब्बा | रा.प.अनं.प्रथम नायव सुब्बा | रा.प.अनं.प्रथम नायव सुब्बा |
| २ | कम्प्यूटर अपरेटर (रा.प.अनं.प्रथम) | जना | १ | १/१ | -- | -- | -- |
| ३ | कार्यालय सहयोगी (प्रथम स्तर) | जना | १ | २/१ | -- | -- | -- |
| ४ | हलुका सवारी चालक (प्रथम स्तर) | जना | २ | १/१ | १ | १ | -- |
| ५ | अतिथि सत्कार | प्रति महिना रु. | १०००० | ५०००/५००० | ४००० | ३५०० | ३००० |

## १०. प्रदेश सभा नियमावलीका प्रावधानः-

### १०.१. बैठकमा पालना गर्नुपर्ने नियमहरुः

(क) बैठक कक्षमा सभामुख प्रवेश गर्दा सबै सदस्यले सम्मान प्रकट गर्न उठ्नु पर्ने,

(ख) सभामुखले बैठक समक्ष सम्मान प्रकट गरी आशन ग्रहण गर्नु पर्ने,

(ग) सभामुखको ध्यानाकर्षण गर्नका निमित्त उठ्नु पर्ने र सभामुखले निजको नाम बोलाएपछि वा इशारा गरेपछि मात्र बोल्नु पर्ने,

(घ) बैठकमा बोल्न चाहने सदस्यले सभामुखको अनुमति लिएर मात्र बोल्नु पर्ने,

(ङ) बैठकमा भाग लिने सदस्यले बोल्दा सभामुखलाई सम्बोधन गरेर बोल्नु पर्ने र सभामुखले अन्यथा आदेश दिएमा बाहेक उभिएर बोल्नु पर्ने,

(च) सभामुखको आसन तथा बोलिरहेको सदस्यको बिचबाट हिँड्न र सभामुखको आसनतर्फ पिठ्यूँ फर्काएर बस्नु नहुने,

(छ) बैठक स्थगित भई सभामुख बैठकबाट बाहिर निस्केपछि मात्र अरु सदस्यहरुले बैठक कक्ष छाड्नु पर्ने,

(ज) सभामुखले बैठकलाई सम्बोधन गरिरहेको समयमा कुनै पनि सदस्यले स्थान छाड्न नहुने र सभामुखले बोलेका कुरा ध्यानपूर्वक सुन्नु पर्ने,

(झ) बैठकको कार्यसँग प्रत्यक्ष रुपले सम्बन्धित विषय बाहेक अन्य विषयको पुस्तक,समाचार पत्र वा अन्य कागजपत्रहरु पढ्न नहुने,

(ञ) बैठक कक्षमा मोबाईल फोन र अन्य हलुका विद्युतीय उपकरण प्रयोग गर्न नहुने,

(ट) सदन वा सभामुखको कुनै निर्णय बदर गरियोस् भन्ने प्रस्तावमाथि बोल्दाको अवस्थामा बाहेक सदन वा सभामुखको कुनै पनि निर्णयको आलोचना गर्नु नहुने।

## १०.२ छलफलमा भाग लिने सदस्यले पालना गर्नुपर्ने नियम :

क) कुनै सदस्यले बैठकमा बोलिरहेको समयमा अशान्ति, बैठकको मर्यादा भङ्ग वा अव्यवस्था उत्पन्न हुने कुनै काम गर्नु नहुने,

ख) सभामुखले पद अनुरुपको आचरण गरेको छैन भन्ने प्रस्ताव वा सभामुखले कुनै निर्णय वदर गरियोस् भन्ने प्रस्ताव माथिको छलफल बाहेक सभामुखको आचरण र निर्णयको आलोचना गर्नु नहुने,

ग) संविधानको धारा १९१ बमोजिम बहसमा बन्देज लगाएको विषयमा बोल्नु नहुने,

घ) कसैलाई व्यक्तिगत आक्षेप लगाउन नहुने,

ङ) अशिष्ट, अश्लिल, अपमानजनक वा कुनै आपत्तिजनक शब्द बोल्नु नहुने,

च) बोल्न पाउने अधिकारलाई बैठकको कार्यमा बाधा पार्ने मनसायले दुरुपयोग गर्नु नहुने,

छ) बैठकको कार्यसँग प्रत्यक्ष रुपले सम्बन्धित विषय बाहेक अन्य असम्बन्धित विषयमा बोल्न नहुने।

## १०.३ नियमापत्ति :

बैठकमा तत्काल विचराधीन रहेको कुनै कुरामा कुनै सदस्यलाई यस नियमावलीको कुनै नियमको उल्लङ्घन भएको हो सो खुलाई नियमापत्ति उठाउन सक्नेछन्।नियमापत्ति उठाउने सदस्यले सभामुखबाट स्वीकृत सूचक अभिव्यक्ति वा इशारा पाएपछि त्यस्तो विचाराधीन कुरामा बोलिरहेको सदस्यले बोल्न बन्द गर्नु पर्नेछ र नियमापत्ति उठाउने सदस्यले सोको आधार स्पष्ट गरी नियमापत्ति सम्बन्धी कुरा मात्र बोल्न पाउने व्यवस्था रहेको छ। नियमापत्ति सम्बन्धी कुरा बोलिसकेपछि त्यस्तो

सदस्यले आफ्नो स्थान ग्रहण गर्नु पर्नेछ। बैठकमा उठाएको नियमापत्तिको निर्णय सभामुखले गर्ने र सो निर्णय अन्तिम हुने प्रावधान रहेको छ ।

## १०.४ सदस्यको आचरण र अनुगमन सम्बन्धी व्यवस्थाः

(क) सभाको लक्ष्य पूर्ति गर्ने तथा सो उद्देश्यका लागि यस नियमावलीको पूर्ण पालना गर्ने,

(ख) समाजमा विद्यमान सार्वजनिक नैतिकता र आचरण अनुकूलको व्यवहार सदैव गर्ने,

(ग) सभाको बैठक वा आफू सदस्य भएको समितिमा उपस्थित भई यसका काम कारबाहीमा नियमित रुपमा भाग लिने तथा आफ्नो मताधिकारको प्रयोग गर्ने,

(घ) आफ्नो कर्तव्य निश्वार्थ रुपमा इमान्दारितापूर्वक तथा वस्तुनिष्ठ उत्तरदयीपूर्ण रुपले पालना गर्ने,

(ङ) बैठकसँग सम्बन्धित हरेका काम कारबाहीमा सदस्यहरुले सार्वजनिक उद्देश्यलाई महत्व दिने तथा निजी स्वार्थ र सार्वजनिक स्वार्थकाबीच द्वन्द हुने स्थिति भएमा स्पष्ट रुपमा सार्वजनिक स्वार्थका लागि उभिने,

(च) सभाका कुनै काम कारबाहीमा व्यक्तिगत, आर्थिक फाइदा वा शुल्क, पारिश्रमिक वा प्रतिशोध लिई बोल्ने, मतदान गर्ने वा भाग लिने काम नगर्ने,

(छ) सदस्यको हैसियतमा प्राप्त भएका गोप्य सूचना वा जानकारी बैठकको उद्देश्यका लागि मात्र प्रयोग गर्ने र आर्थिक फाइदाका लागि यसलाई कुनै अन्य व्यक्ति वा संस्थासँग लेनदेनको विषय नबनाउने,

(ज) सभाको वा आफू सदस्य भएको समितिमा विचाराधीन रहेको कुनै विषयमा आफ्नो व्यक्तिगत वा निजी स्वार्थ गाँसिएको भएमा स्वेच्छाले सो कुराको स्पष्ट रुपमा बुझिनेगरी बैठक वा समितिलाई जानकारी गराई सो विषयमा हुने छलफलबाट अलग रहने,

## १०.५ बैठकको सुव्यवस्थाः

१) चेतावनी
२) बैठक कक्षबाट निष्कासन
३) सदस्यको निलम्वन
४) सभामुखको विषेशाधिकार
५) कारबाही फिर्ता हुनसक्ने
६) बैठक स्थगित गर्न सक्ने अधिकार

## १०.६ सभामा पेश हुने प्रस्तावहरु:

१) विधेयक सम्बन्धी प्रस्ताव
२) छलफल समाप्तीको प्रस्ताव (नियम २४)
३) धन्यवाद प्रस्ताव (नियम ३६)
४) जरुरी सार्वजनिक महत्वको प्रस्ताव (नियम ७२)
५) स्थगन प्रस्ताव (नियम ७८)
६) खर्च कटौतीको प्रस्ताव (नियम ७८)
७) विश्वासको मत (नियम १४३)
८) अविश्वासको प्रस्ताव (नियम १४४)
९) सभामुख वा उपसभामुखले पद अनुकुल आचरण नगरेको भन्ने प्रस्ताव (नियम १८०)
१०) अन्य प्रस्ताव

## १०.७ प्रदेशसभा नियमावलीका महत्वपूर्ण विषयहरु:

१) अधिवेशन अहवान र अन्त्य (नियम ३)
२) बैठकको संचालन र स्थगन (नियम ६)
३) सभामुखको निर्वाचन (नियम ६)
४) उपसभामुखको निर्वाचन (नियम ९)
५) अध्यक्षता गर्ने सदस्यको मनोनयन (नियम ११)
६) वैठकको कार्यसुची (नियम १२)
७) समयावधिको निर्धारण (नियम १४)
८) नियमापत्ती (नियम २५)
९) विभाजन (नियम २८)
१०) प्रश्न सोध्न सक्ने (नियम ४०)
११) प्रश्न गर्न नपाईने विषयहरु (नियम ४९)
१२) समसामायिक विषयमा छलफल (नियम ५७)
१३) ध्यानाकर्षण (नियम ५९)
१४) अध्यादेश पेश (नियम ९४)
१५) विधेयक प्रस्तुत यर्ने अनुमतिको लागि सुचना (नियम९९)
१६) राजस्व र व्ययको अनुमान (नियम १२९)
१७) विनियोजन विधेयक सम्वधी कार्यविधी (नियम १३३)
१८) आर्थिक विधेयक (नियम १४०)

१९) विषयगत समितिहरु (नियम १४६)

२०) विशेषाधिकार र समितिको गठन (नियम १६७)

२१) अनुपस्थितिको सुचना (नियम १८३)

२२) संसदीय दलको कार्यालय (नियम १८६)

२३) सचिवको अधिकार (नियम २००)

२४) अभिलेखको सुरक्षा (नियम २०१)

२५) भाषा  (नियम २०२)

२६) कानुनी राय सल्लाह सम्बन्धी व्यवस्था (नियम २०३)

२७) सदस्य प्रकाउ सम्वन्धी जानकारी (नियम २०४)

२८) पोशाक तथा लोगो (नियम २०५)

२९) सदस्यको मनोनयन (नियम २०६)

३०) नियमहरुको निलम्बन (नियम २११)

३१) बाधा अड्काउ फुकाउने अधिकार (नियम २१२)

३२) नियमावलीको व्याख्या (नियम२१३)

## ११. विदेशी अतिथिको भ्रमण

बागमती प्रदेश सभाका माननीय सभामुख सानु कुमार श्रेष्ठज्यूको निमन्त्रणामा मिति २०७८ कार्तिक ११ गतेदेखि १६ गतेसम्म **President Of The Assembly Of Extremadura, Spain** का **Hon'ble Ms. Blanca Martin Delgado** सहितको स्पेनिस प्रतिनिधिमण्डलले नेपाल भ्रमण गर्नु भएको थियो। २१ सदस्यीय भ्रमण प्रतिनिधिमण्डलले काठमाण्डौ,ललितपुर र भक्तपुरका ऐतिहासिक क्षेत्रका साथै धार्मिक क्षेत्रहरुको भ्रमण गरेको थियो। ५ दिने नेपाल भ्रमणका क्रममा भ्रमण प्रतिनिधिमण्डलले लुम्बिनीको पनि भ्रमण गरेको थियो। दुई देशका प्रदेश सभाको अनुभव आदान प्रदान तथा भविष्यमा हुने सहयोग आदानप्रदानका विषयहरु सो भ्रमणको महत्वपूर्ण उपलब्धि रहेको छ।



स्पेनिश भ्रमण प्रतिनिधि मण्डललाई स्वागत गर्नुहुदैं मा.सभामुख सानु कुमार श्रेष्ठज्यू।



स्पेनिश भ्रमण प्रतिनिधि मण्डललाई स्वागत गर्नुहुदैं मा.उपसभामुख राधिका तामाङज्यू।



स्पेनिश भ्रमण प्रतिनिधि मण्डलसँगको भ्रमणमा मा.सभामुख सानु कुमार श्रेष्ठज्यू।


# १२. प्रदेश सभा सचिव

नेपालको संविधानको धारा १९५(१) बमोजिम प्रदेश प्रमुखले प्रदेश सभामुखको सिफारिसमा प्रदेश सभाको सचिव नियुक्त गर्ने प्रावधान रहेको छ। प्रदेश सभा सचिवको योग्यता, काम, कर्तब्य, अधिकार तथा सेवाका शर्त प्रदेश कानून बमोजिम हुनेछ। प्रदेश सभा बागमती प्रदेश सभाको पहिलो सचिवको रुपमा श्री रामशरण घिमिरे २०७५ कार्तिक १४ गतेदेखि २०७६ फागुन १८ गतेसम्म कार्यरत रहनु भएको थियो। २०७६ फागुन २२ गतेदेखि प्रदेश सभा बागमती प्रदेशको सचिवको रुपमा श्री कृष्ण हरि खड्का कार्यरत रहनु भएको छ।

| | | |
|---|---|---|
|  डा. रोजनाथ पाण्डे<br>पूर्व सचिवको रुपमा कार्यरत |  रामशरण घिमिरे<br>पूर्व सचिव |  कृष्ण हरि खड्का<br>सचिव |

# १३. बागमती प्रदेश सभा सचिवालय

## १३.१. संगठन तालिकाः



१.१ प्रदेश सभा सचिवालयको संगठनात्मक संरचना र स्वीकृत दरबन्दी

अनुसूची-१

प्रदेश [illegible] संगठन संरचना




नोट :१. नेपालको संविधानको धारा १९५(१) बमोजिम प्रदेश सभाको सचिव नियुक्त भएपछि हाल प्रदेश सभाको सचिवका रुपमा काम गर्न खटाइएको कर्मचारीको दरबन्दी स्वतः संघमा सर्नेछ ।
२. मर्यादापालनका लागि प्रहरी निरीक्षक तथा [illegible] सुरक्षा निकायबाट काजमा लिने ।

नेपाल सरकार

सचिव

## १३.२. प्रस्तावित संगठन तालिका:



## १३.३. कर्मचारी विवरणः



कृष्ण हरि खड्का
सचिव

## प्रदेश सभा सचिवालयमा कार्यरत कर्मचारी



सपना अधिकारी
उपसचिव(कानून)



सुन्दर पन्त
अधिकृत आठौं



बालकृष्ण अधिकारी
लेखा अधिकृत



सुन्दर वाँस्कोटा
अधिकृत सातौं



मनोज कुमार गुप्ता
कानून अधिकृत



शिवराम बोहरा
अधिकृत छैठौं



रोशन प्रधान
कम्प्युटर अधिकृत छैठौं



रिपेश दाहाल
कम्प्युटर अपरेटर



सिर्जना स्याङ्तान
कम्प्युटर अपरेटर



सरिता घिमिरे
कम्प्युटर अपरेटर



रविन्द्र नापित
कम्प्युटर अपरेटर



धिरज ढकाल
माईक अपरेटर



सुशान्त महत
माईक अपरेटर



चन्द्र प्रसाद घिमिरे
सहायक इलेक्ट्रिशियन



गंगा लामिछाने
सहायक कम्प्युटर अपरेटर



बल बहादुर तामाङ
ह.स.चा



तारा थापा
ह.स.चा.



राजु कार्की
ह.स.चा.



सन्तोष राई
ह.स.चा.



पार्वती श्रेष्ठ
का.स



सविना तामाङ
का.स



सुमन घिमिरे
का.स



सुशिला भट्टराई
का.स.



सपना माया रुम्बा
का.स.



दिलिप काफ्ले
का.स.



रामकुमारी चौरेल
माली



मिना ओझा
सरसफाई

## १३.४. संसदीय दलः

प्रदेश सभामा प्रतिनिधित्व भएका सबै राजनीतिक दल र स्वतन्त्र सदस्यको संसदीय दलको कार्यालय रहने व्यवस्था रहेको छ। संसदीय दलको कार्यालय सञ्चालन सम्बन्धी अन्य व्यवस्था परामर्श समितिको परामर्शमा सभामा निर्देशानुसार सचिवालयले मिलाउने व्यवस्था रहेको छ।



ने.क.पा. (एमाले) संसदीय दलको कार्यालय



ने.क.पा. (माओवादी केन्द्र) संसदीय दलको कार्यालय



नेपाली काङ्ग्रेस संसदीय दलको कार्यालय



साना दलहरुको संसदीय दलको कार्यालय

## १३.५. अभिलेख व्यवस्थापनः

१) प्रदेश सभाबाट पारित विधेयकहरु संग्रहको रुपमा प्रकाशन र संशोधन विधेयकहरुलाई समेत समावेश गरी विधेयक संग्रह प्रकाशन गरिएको।

२) संसदीय समितिहरुको वार्षिक प्रतिवेदन प्रकाशन गर्ने गरिएको।

३) संसदीय समितिहरुबाट पारित गरेका विधेयकहरुको प्रतिवेदनहरुलाई एकमुष्ठ रुपमा प्रकाशन गरेको।

४) प्रत्येक वर्ष संसदको दर्पण प्रकाशन गरिएको।

५) प्रदेश सभाको संक्षिप्त परिचय प्रकाशन गरिएको।

६) प्रदेश सभाको टेलिफोन डाईरेक्ट्री प्रकाशन गरिएको।

७) प्रदेश सभाका महत्वपूर्ण कानूनहरुको संगालो प्रकाशन गरिएको।

८) प्रदेश सभाको कार्यसूची, वाचनपत्र र संक्षिप्त विवरण एकिकृत रुपमा प्रकाशन गरिएको।

९) सम्पूर्ण विवरणहरु ( Verbatim) प्रकाशन गरिएको।

१०) समितिहरुबाट हुने गरेका स्थलगत अवलोकन प्रतिवेदनहरु प्रकाशन गरिएको।

११) प्रदेश सभा चिनारी प्रकाशन भएको।

## १३.६. सम्पूर्ण विवरण

प्रदेश सभा बैठकमा रेकर्ड भएका आवाजहरुलाई अक्षरांक (भर्बेटिम)गर्ने सम्पूर्ण विवरणको कार्य प्रदेश सभा सचिवालयले गरिरहेको छ।हाल प्रदेश सभाको पहिलो कार्यकाल (२०७४-२०७९) मा सम्पन्न भएका दश वटा अधिवेशनमध्ये सबै अधिवेशनको सम्पूर्ण विवरणको काम सम्पन्न भइसकेका छन्।

## १३.७. डिजिटल संसदः

प्रदेश सभा सचिवालयलाई डिजिटल संसदको रुपमा लैजाने प्रयास गरिएको छ। प्रदेश सभा, प्रदेश सभाका समितिहरुको बैठक, सचिवालयको कार्यक्रम तथा महत्वपूर्ण विषयवस्तुहरु सचिवालयमा डिस्प्ले (Display) गर्ने व्यवस्था गरिएको छ।जस अनुसार मा. सभामुख, मा. उपसभामुख, सचिव, सबै संसदीय दल, बैठक कक्ष, मर्यादापालक कक्ष तथा सचिवालयको महत्वपूर्ण स्थानहरुमा डिजिटल डिस्प्ले जडान गरिएको छ। यस्तै प्रदेश सभा सचिवालयमा २ वटा एलईडी डिस्प्ले (LED DISPLAY) समेत जडान भएको छ।



## १३.८. सचिवालय वार्षिक बजेट, प्रगति र वार्षिक कार्यक्रमः

### १३.८.१ सचिवालयको वार्षिक बजेट र प्रगतिः

| आर्थिक वर्ष (२०७४-७५) | | |
| --- | --- | --- |
| कूल बजेट | जम्मा खर्च | खर्च प्रतिशत |
| रु १३,४४,५५,६००।- | रु ७,७०,२८,०६६।- | ५७.२९ |

| आर्थिक वर्ष (२०७५-७६) | | |
| --- | --- | --- |
| कूल बजेट | जम्मा खर्च | खर्च प्रतिशत |
| रु ३८,९२,०१,०००।- | रु २३,५६,९०,९५४।- | ६०.५६ |

| आर्थिक वर्ष (२०७६-७७) | | |
| --- | --- | --- |
| कूल बजेट | जम्मा खर्च | खर्च प्रतिशत |
| रु ३८,०३,९०,०००।- | रु २१,२५,४२,२३५।- | ५५.८७ |

| आर्थिक वर्ष (२०७७-७८) | | |
| --- | --- | --- |
| कूल बजेट | जम्मा खर्च | खर्च प्रतिशत |
| रु ३१,९५,२३,०००।- | रु १९,५०,७७,८९०.८६।- | ६१.०५ |

| आर्थिक वर्ष (२०७८-७९) | | |
| --- | --- | --- |
| कूल बजेट | जम्मा खर्च | खर्च प्रतिशत |
| रु ३४,०१,३८,०००।- | रु २०६४७५ | ५९.६५ |

| आर्थिक वर्ष (२०७९-८०) | | |
| --- | --- | --- |
| कूल बजेट | जम्मा खर्च | खर्च प्रतिशत |
| रु ३६,८८,४९,०००।- | ........... | ............ |

### १३.८.२. सचिवालयको प्रमुख कार्यक्रम(आ.व. २०७९/०८०):

१. सभामुख उपसभामुख र सचिवको नेतृत्वमा अन्तर प्रदेश अनुभव आदानप्रदान कार्यक्रम
२. सभामुख तथा उपसभामुखको स्थानीय तहको प्रमुख/उपप्रमुखसँग कानून निर्माण सम्बन्धी कार्यक्रम
३. प्रदेश सभाका समितिहरुमा विज्ञ सेवा,
४. प्राविधिक परामर्श सेवा,
५. विषयगत समितिको स्थलगत अवलोकन भ्रमण,
६. विषयगत समिति एवं संसदीय समितिको छानविन,
७. विषयगत समितिको सभापतिहरुको नेतृत्वमा अन्तर प्रदेश अनुभव आदानप्रदान कार्यक्रम,
८. प्रदेश सभाका सदस्य तथा स्वकीय सचिवहरुलाई अनुशिक्षण कार्यक्रम,
९. पूर्व बजेट छलफल कार्यक्रम,
१०. सार्वजनिक लेखा समितिको कार्यक्रम,
११. संघीय संसदका महासचिव, सचिव तथा प्रदेश सभाका सचिवहरुसँग कानून निर्माण सम्बन्धी अन्तरक्रिया कार्यक्रम,
१२. विधि निर्माण प्रक्रियामा बागमती प्रदेश सचिव स्तरीय कार्यक्रम।

## १३.९. पिजन होल, एटिएम र एम्बुलेन्स



पिजन होल




सचिवालय परिसरमा स्थापना भएको एटिएम मेसिन




सचिवालयमा रहेको एम्बुलेन्स

## १३.१०. मर्यादापालक र सुरक्षाकर्मीः



मर्यादापालक सामूहिक तस्विर



सुरक्षाकर्मी सामूहिक तस्विर

## १३.११. वार्षिकोत्सव कार्यक्रमः

प्रदेश सभाको पहिलो बैठक २०७४ माघ १८ गते बसेको दिनलाई आधार मानेर हरेक वर्ष माघ १८ गतेलाई प्रदेश सभाको वार्षिकोत्सवको रुपमा मनाउने गरिएको छ। गत वर्ष २०७७ माघ १८ गते पनि प्रदेश सभाको तेस्रो वार्षिकोत्सव मनाईएको थियो। सो अवसरमा प्रदेश सभाको तेस्रो वर्षको सम्पूर्ण बैठकमा उपस्थित हुनु हुने ७ जना माननीय सदस्यहरुलाई कदर स्वरुप दोसल्ला ओढाएर प्रशंसा पत्र प्रदान गरिएको थियो भने आफुलाई दिईएको जिम्मेवारी लगनशिल र ईमान्दार भई कार्यसम्पादन गर्नुहुने कर्मचारीहरुलाई पनि पुरस्कार सहित प्रमाण पत्र वितरण गरिएको थियो।






## १४. पुस्तकालय तथा संसदीय डिजिटल पुस्तकालय:

### १४.१. पुस्तकालय:



## १४.२. संसदीय डिजिटल पुस्तकालयः









डिजिटल पुस्तकालय

१. पुस्तकालयमा दश वटा कम्प्युटरहरु राखिएको,
२. प्रथम प्रदेश सभाको पदाधिकारी तथा माननीयको फोटो राखिएको,
३. संघ र सात प्रदेशको पुस्तकहरु राखिएको,
४. सभा र समितिको बैठक तथा महत्वपूर्ण कार्यक्रमहरु भिडियो मार्फत हेर्न सकिने व्यवस्था गरिएको।

## १५. पत्रकार सम्मेलनः



## १६. सहयोगी संस्थाहरुः

१. UNDP (PSP)

२. WHO

३. IRI

४.कानून समाज

४. संघीय संसद

## १७. सचिवालयमा अध्ययन अवलोकनः

सचिवालयमा अन्तर प्रदेश अनुभव आदानप्रदान भ्रमण, विभिन्न विद्यालयका विद्यार्थीहरु, कानून अध्ययन गरिरहेका विद्यार्थी, नेपाल प्रहरी, अनुसन्धानकर्ता लगायत विभिन्न क्षेत्रबाट अध्ययन अवलोकन भ्रमण हुने गरेका छन्।






## १८. खुला संसदः

१. सभाका बैठकहरुको प्रत्यक्ष प्रसारण

२. सभाको बैठकको Website बाट प्रसारण तथा सबै सूचना प्रकाशन

३. प्रदेश सभा सचिवालयमा डिजिटल डिस्प्लेबाट सभा, समिति र सचिवालयको गतिविधि प्रसारण

४. Youtube प्रसारण

५. Facebook प्रसारण

## १९. सचिवालयको भौतिक प्रगतिः

१) समितिका सभापतिहरुको कार्यकक्ष (५वटा) निर्माण गरिएको।

२) समितिको वैठक कक्ष (४वटा) निर्माण गरिएको।

३) सचिवालयमा डिजिटल डस्प्ले र सिसि टिभि जडान गरीएको।

४) प्रदेश सभा हलमा कुर्सी,माइक जडान गरी दर्शक दीर्घालाई व्यवस्थितवनाइएको।

५) प्रदेश सभामा मतदान कोठा निर्माण गरिएको।

६) नागरिक वडापत्र, सुचनाको वोर्ड र नक्सा, कोठाहरुलाई नम्वरिङ्ग गरिएको साथै प्रवक्ता, सहायक प्रवक्ता र सूचना अधिकारीको सूची सचिवालय प्रवेशद्वार अगाडी राखिएको।

७) प्रदेश सभा सचिवालयको भवनको माथिल्लो भागमा पानी नचुहिने गरी छाना राखिएको।

८) संसदीय दलको कार्यालयहरु निर्माण गरिएको।

९) सवारी साधन पार्किङ्ग (२ वटा) मर्मत गरिएको।

१०) सचिवालयमा वाथरुमहरु (४ वटा) निर्माण गरिएको।

११) दुईवटा समिति हलमा माइक र ४ वटा समितिहरुमा प्रोजेक्टर जडान गरिएको।

१२) प्रदेश सभामा एम्बुलेन्सको व्यवस्था गरिएको।

१३) सचिवालय परिसरमा राष्ट्रिय वाणिज्य बैंकको एटिएम मेसिन जडान गरिएको।

१४) संसदीय पदाधिकारी, संसदीय दल र सचिवालयमा डिजिटल डिस्प्लेहरु जडान गरिएको।

१५) सिसिटिभी जडान गरिएको।

१६) सभामुख, उपसभामुख, सचिव आगमनको र सभा र समिति संचालनको सांकेतिक बत्ती जडान गरिएको।

१७) संसदीय डिजिटल पुस्तकालयको स्थापना गरिएको।

## २०. सचिवालयको आगामी कार्यदिशाः

१) प्रदेश सभा भवन निर्माण गर्ने।

२) मा.सभामुख र मा. उपसभामुखको आवास भवन निर्माण गर्ने।

३) चमेना गृह निर्माण गर्ने।

४) व्यारेक भवन निर्माण गर्ने।

५) समितिको वैठक कक्ष निर्माण गर्ने।

# सभामुख, उपसभामुख र सदस्यको बिदाई




मानननीय सदस्यको बिदाई




माननीय सभामुख र उपसभामुखको बिदाई

प्रकाशक

# बागमती प्रदेश सभा सचिवालय

हेटौंडा, मकवानपुर, नेपाल

ईमेलः state3assembly@gmail.com

फोन नं ०५७-५२४८८९, ०५७-५२७५०८, ०५७-५२३२३२